# महिला मिडिया स्टार्टअप कार्यक्रम कार्यान्वियन मापदण्ड, २०८३

प्रस्तावनाः गण्डकी प्रदेशमा आमसञ्चार क्षेत्रलाई समावेशी, लैङ्गिकमैत्री र उद्यमशील बनाउन तथा सञ्चार क्षेत्रमा महिलाहरूको स्वामित्व, नेतृत्व र सहभागिता अभिवृद्धि गर्दै नवप्रवर्तनात्मक सञ्चार उद्यम (मिडिया स्टार्टअप) लाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

प्रेस रजिष्ट्रारको कार्यालयको स्वीकृत वार्षिक विकास कार्यक्रम तथा बजेटलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक ढङ्गले कार्यान्वियन गर्न गण्डकी प्रदेश सरकार, प्रेस रजिष्ट्रारको कार्यालयले यो मापदण्ड तर्जुमा गरी लागू गरिएको छ।

१. संक्षिप्त नाम र विस्तारः (१) यस मापदण्डको नाम "महिला मिडिया स्टार्टअप कार्यक्रम कार्यान्वियन मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड गण्डकी प्रदेशभर लागू हुनेछ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले प्रेस रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "प्रेस रजिष्ट्रार" भन्नाले गण्डकी प्रदेशको प्रेस रजिष्ट्रार सम्झनु पर्छ।

(घ) "मिडिया स्टार्टअप" भन्नाले वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी महिला सञ्चारकर्मीहरूको नेतृत्व र पूर्ण स्वामित्वमा सुरु गरिने वा सञ्चालनमा रहेका उद्यमशीलतामा आधारित दर्ता भएको १० वर्ष ननाघेको सञ्चार उद्यम (डिजिटल पोर्टल, पोडकास्ट, भिडियो ब्लग, मिडिया एजेन्सी वा यस्तै प्रकृतिका वस्तु, सेवा वा प्रक्रिया आदि) सम्झनुपर्छ। सो शब्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको मिडिया उद्यमलाई समेतलाई जनाउँछ ।

(ङ) "समिति" भन्नाले यस मापदण्डको दफा ४ बमोजिम गठित समिति सम्झनु पर्छ।

३. प्रस्ताव सम्बन्धी व्यवस्थाः (१) कार्यालयले महिला मिडिया स्टार्टअप सञ्चालन गर्न चाहने इच्छुक सञ्चार गृह वा प्रतिष्ठान वा समितिबाट व्यावसायिक प्रस्ताव माग गर्न कम्तीमा ७ (सात) दिनको म्याद दिई अनुसूची १ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) प्राप्त प्रस्तावमा मिडियाको प्रकृति, लगानी योजना, स्वरोजगारको अवसर र सम्भावित प्रभाव स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।



CamScanner

(३) सूचनामा उल्लेखित म्यादभित्र प्राप्त हुन आएका प्रस्तावहरूलाई कार्यालयमा दर्ता गरी मूल्याङ्कनका लागि समिति समक्ष पेश गरिनेछ।

४. आवेदन पेश गर्नुपर्ने: इच्छुक महिला उद्यमीले अनुसूची-२ बमोजिमको आवेदन फाराम भरी देहायका कागजात संलग्न गर्नुपर्नेछ:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) मिडियाको दर्ता प्रमाणपत्र र नवीकरण।

(ग) कर चुक्ताको प्रतिलिपि।

(घ) व्यावसायिक योजना (नवीनता, व्यवसायको दिगोपना, आम्दानी योजना, रोजगारी, महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, सुशासनमा सकारात्मक प्रभाव आदि खुलाई) ।

५. मूल्याङ्कन तथा सिफारिस समिति: (१) प्राप्त प्रस्तावहरूको निष्पक्ष र पारदर्शी मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्न देहाय बमोजिमको एक मूल्यांकन तथा सिफारिस समिति रहनेछ:

(क) उपसचिव/निर्देशक प्रेस रजिष्ट्रारको कार्यालय – संयोजक

(ख) स्टार्टअपसँग सम्बन्धित कार्यालयको विज्ञ अधिकृत – सदस्य

(ग) नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश समितिका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि – सदस्य

(घ) प्रेस रजिष्ट्रारले तोकेको मिडिया वा सूचना प्रविधि विज्ञ (एक जना) – सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख/अधिकृत, प्रेस रजिष्ट्रारको कार्यालय– सदस्य-सचिव

(२) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछन्। समितिको कार्यदिश अनुसूची ३ बमोजिमको हुनेछ ।

६. छनौटको आधार र मापदण्ड: समितिले देहायका आधार र मापदण्ड (१०० पूर्णाङ्क) का आधारमा प्रस्तावको मूल्याङ्कन गर्नेछ:

| क्र. सं. | मुल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| १. | व्यवसायिक अवधारणाको नवीनता (Innovation) | २० |
| २. | समस्याको समाधान तथा सामाजिक प्रभाव | १५ |
| ३. | बजार सम्भावना | १० |
| ४. | व्यवसायको सम्भाव्यता तथा दिगोपन | २० |
| ५. | आर्थिक/आम्दानी योजना | १० |
| ६. | महिला सशक्तीकरणमा योगदान | १० |
| ७. | रोजगारी सिर्जना गर्ने सम्भावना | १० |

| | | |
|---|---|---|
| ८. | सामुहिकता तथा नेतृत्व क्षमता र पेशागत प्रबर्धन | ५ |
| | जम्मा | १०० |

**७. प्रस्तावको छनौटः** (१) दफा ५ बमोजिमको मापदण्डमा कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्तावनाहरू मध्येबाट उच्चतम अङ्क प्राप्त गर्ने उत्कृष्ट स्टार्टअपहरूलाई समितिले छनौट गरी अन्तिम स्वीकृतिका लागि प्रेस रजिष्ट्रार समक्ष सिफारिस गर्नेछ।

(२) छनौटमा परेका स्टार्टअपहरूसँग कार्यालयले शर्तहरू तोकी अनुसूची ४ बमोजिमको अनुदान सम्झौता गर्नेछ।

**८. रकम भुक्तानीः** छनौट भएका मिडिया स्टार्टअपलाई सम्झौता बमोजिम प्रस्तावकको साझेदारी लागत २५ प्रतिशत हुने गरी बाँकी ७५ प्रतिशत रकम कार्यालयबाट स्टार्टअपको सम्पूर्ण कार्य सम्पन्न भईसकेपश्चात (सक्कल बिल भरपाई) र सम्बन्धित वडाको सिफारिस पेश भएपछि रकम भुक्तानी दिइनेछ ।

**९. रकमका लागि बजेट व्यवस्थाः** (१) यस कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्षको स्वीकृत बजेट उपशीर्षक नं. ३०१०००१२३, कार्यक्रम कोड २.७.२५.६१६ र खर्च शीर्षक नं. २२५२२ अन्तर्गत विनियोजित जम्मा बजेट रु. ६,००,०००।– (अक्षरेपी छ लाख रुपैयाँ मात्र) बाट व्यवस्थापन गरिनेछ।

(२) अनुदानको सिमाः विनियोजित कुल रकमलाई समितिको सिफारिस अनुसार छनौट भएका उत्कृष्ट स्टार्टअपहरूलाई आवश्यकता, प्रस्तावना र व्यवसायिक योजना र औचित्यका आधारमा बढीमा रु १,००,०००।- (अक्षरुपी एक लाख) सम्म उपलब्ध गराइनेछ।

**१०. बाधा अड्काउ फुकाउनेः** यस मापदण्डको कार्यान्वयनका क्रममा कुनै साधारण प्रकृतिका द्विविधा, अस्पष्टता वा बाधा उत्पन्न भएमा कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

**११. प्रचलित कानुन बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएका विषयहरू यसै मापदण्ड बमोजिम र उल्लेख नभएका विषयहरू गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८०, नियमावली २०८२, सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४, प्रदेश खर्च मापदण्ड, २०७९ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१ सूचनाको नमूना

(दफा ३ सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रेस रजिष्ट्रारको कार्यालय, पोखरा

## महिला मिडिया स्टार्टअप प्रस्ताव आह्वान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८३/...../.....)*

प्रेस रजिष्ट्रारको कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम महिलाहरूको लागि मिडिया स्टार्टअप अन्तर्गत गण्डकी प्रदेशमा नवीन सोचका साथ नयाँ सञ्चार उद्यम सञ्चालन गर्न चाहने इच्छुक महिला उद्यमी तथा सञ्चार प्रतिष्ठानबाट महिला मिडिया स्टार्टअप कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ अनुसार देहायका विषयहरु खुलाई व्यावसायिक योजनाको प्रस्तावसहित मिति २०८३।...।... सम्म अनुसूची २ बमोजिमको आवेदन पेस गर्न आह्वान गरिन्छ।

आवश्यक योग्यताः गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई महिलाको स्वामित्व रहेको सञ्चार प्रतिष्ठान सञ्चालन गरेको १० वर्षभन्दा कम समय हुनुपर्ने।

प्राथमिकताः डिजिटल न्युज पोर्टल, पोडकास्ट, भिडियो रिपोर्टिङ र प्रविधिमा आधारित नवप्रवर्तनात्मक योजना लगायत आमसञ्चार केन्द्रित क्रियाकलापका लागि मेशिनरी औजार तथा उपकरण खरिद गर्नुपर्ने।

आवेदन दिने म्यादः यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनभित्र अनुसूची २ बमोजिमको आवेदन फाराम भरी कार्यालयमा आइपुग्नुपर्ने ।

संलग्न गर्नुपर्ने कागजातहरुः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) मिडियाको दर्ता प्रमाणपत्र र नवीकरण।

(ग) कर चुक्ताको प्रतिलिपि।

(घ) विस्तृत व्यावसायिक योजना (नवीनता, व्यवसायको दिगोपना, आम्दानी योजना, रोजगारी, महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, सुशासनमा सकारात्मक प्रभाव आदि खुलाई)

थप जानकारीः कार्यालयको वेबसाइट pro.gandki.gov.np मा महिला मिडिया स्टार्टअप कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ मा हेर्न सकिनेछ वा फोन नं ०६१-४५०८५२ सूचना अधिकारीको फोन नं ९८५६०१८८५२ मा सम्पर्क गर्न सकिनेछ ।

प्रेस रजिष्ट्रार

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय
पोखरा, नेपाल

## अनुसूची-२: आवेदन फाराम

(दफा ४ सँग सम्बन्धित)

श्री प्रेस रजिष्ट्रारज्यू,
प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश।

**विषयः महिला मिडिया स्टार्टअप कार्यक्रममा सहभागी हुन निवेदन।**

१. मिडिया उद्योगको नाम:

२. प्रस्तावक महिलाको नाम:

३. उद्योग रहने स्थानः जिल्लाः नगरपालिका /गाउँपालिका, वडा नं.

४. पत्राचारको ठेगाना:

सम्पर्क व्यक्तिको नाम र फोनः

५. उद्योगको स्तरः साना ☐ मझौला ☐ ठुला ☐

६. उद्योगको कानूनी रुपः निजी ☐ साझेदारी ☐ प्राइभेट लिमिटेड कम्पनी ☐
पब्लिक लिमिटेड कम्पनी ☐ सामुदायिक ☐ सहकारी ☐

७, लागत तथा लगानीको स्रोतः

| सि.नं | लगानी (रु) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वःलगानी (रु.) | ऋण लगानी(रु.) |
| १ | स्थिर पुंजी | | |
| २ | चालु पुँजी | | |
| ३ | कुल पुँजी | | |

८. स्थिर पूँजी विवरण:

| सि.नं | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | जग्गा (क्षेत्रफल..................) | | |
| २ | भवन (क्षेत्रफल..................) | | |
| ३ | मेशिनरी उपकरण | | |
| ४ | फर्निचर फिक्स्चर | | |
| ५ | सवारी साधन | | |
| ६ | पूर्व सञ्चालन खर्च | | |
| | कुल स्थिर पुँजी | | |

९. चालु पुँजीको विवरण:

| सि.नं | विवरण | रकम(रु) |
|---|---|---|
| १ | | |



CamScanner

| | | |
|---|---|---|
| २ | | |
| ३ | | |

१०. प्रयोग भइरहेका मेशिन उपकरणको विवरण:

| सि.नं | नाम | संख्या | मुल्य (रु) |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

११. जनशक्ति विवरण:

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कर्मचारी (प्रशासनिक) | | | |
| कर्मचारी (प्राविधिक) | | | |
| जम्मा | | | |

१२. आय व्यय विवरण

| आर्थिक वर्ष | आय | व्यय | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

१३.मिडिया उद्योगबाट सञ्चालित कार्यक्रमहरु

| क्र. सं. | विवरण | कार्यक्रमहरु |
|---|---|---|
| १ | कला संस्कृति सम्बन्धी कार्यक्रम | |
| २ | महिला बालबालिका सम्बन्धी कार्यक्रम | |
| ३ | सीमान्तकृत जनसंख्या सम्बन्धी कार्यक्रम | |
| ४ | | |

१४. मुख्य लगानीकर्ताका विवरण:

| क्र. सं. | | १ | २ | ३ |
|---|---|---|---|---|
| १ | लगानी कर्ताको नाम | | | |
| २ | बाबुको नाम | | | |
| ३ | बाजेको नाम | | | |
| ४ | नागरिकता/राहदानी नं. | | | |
| ५ | पत्राचारको ठेगाना | | | |
| ६ | फोन/मोवाइल नं | | | |
| ७ | इमेल | | | |
| ८ | लगानीको प्रतिशत | | | |
| ९ | हस्ताक्षर | | | |

१५. मिडिया स्टार्टअपको प्रस्तावित नाम/प्रकृति/कार्यक्रम:

१६. स्टार्टअपको मुख्य उद्देश्य (५० शब्दमा):

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................

१७. कार्यालयबाट माग गरिएको ७५% अनुदान रु.: ..........................

१८. लागत साझेदारी २५% रु................................

१९. कुल अनुमानित लागत रु.: ..........................

२०. संलग्न कागजातहरू:

(क) आवेदकको नागरिकता, संस्था दर्ता प्रमाणपत्र, नवीकरण, एक आर्थिक वर्ष कटेको भएमा करचुक्ता प्रमाणपत्रका प्रतिलिपि

(ख) व्यावसायिक योजना (नवीनता, व्यवसायको दिगोपना, आम्दानी योजना, रोजगारी, महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, सुशासनमा सकारात्मक प्रभाव आदि खुलाई)

माथि उल्लेखित विवरण, कागजात र संलग्न व्यावसायिक योजना सही छ। कार्यक्रमका सर्तहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

आवेदकको हस्ताक्षरः.....................................     मितिः........................

द्रष्टव्यः

१. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ।

२. माथिका बिभिन्न महलमा विवरण भर्ने ठाउँ पर्याप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ ।



CamScanner

(दफा ५ सँग सम्बन्धित)

## मूल्याङ्कन तथा सिफारिस समितिको कार्यादेश

**१. प्रस्तावना:**

महिला मिडिया स्टार्टअप कार्यक्रम अन्तर्गत प्राप्त हुने व्यावसायिक प्रस्तावहरूको वस्तुनिष्ठ मूल्याङ्कन, छनौट र सिफारिस प्रक्रियालाई पारदर्शी, स्वच्छ र नतिजामुखी बनाउन कार्यविधिको दफा ४ बमोजिम गठित "मूल्याङ्कन तथा सिफारिस समिति" को काम, कर्तव्य, अधिकार र कार्यप्रणाली देहायबमोजिम हुनेछ।

**२. समितिको काम, कर्तव्य र उत्तरदायित्व:**

(क) कार्यक्रमका लागि प्राप्त भएका प्रस्तावहरूको कार्यविधिमा तोकिएको न्यूनतम योग्यता (योग्यता, अनुभव, कार्यक्षेत्र आदि) पुगे/नपुगेको छानबिन गरी सूची तयार गर्ने।

(ख) तोकिएका मूल्याङ्कन सूचकहरू र अङ्कभारका आधारमा प्रत्येक प्रस्तावको निष्पक्ष र प्राविधिक मूल्याङ्कन गर्ने।

(ग) प्रस्तावित मिडिया स्टार्टअपको नवीनता, प्रविधिमैत्री पक्ष, आर्थिक दिगोपन र सामाजिक प्रभावको गहन विश्लेषण गर्ने।

(घ) आवेदकले पेश गरेका विवरण वा कागजातको सत्यता जाँच गर्न आवश्यक परेमा कार्यलयबाट स्थलगत निरीक्षण वा थप सोधपुछ गर्ने।

(ङ) मूल्याङ्कनको नतिजाका आधारमा उपलब्ध बजेटको सीमाभित्र रही अनुदानका लागि योग्य स्टार्टअपहरूको अन्तिम सूची तयार गरी प्रेस रजिष्ट्रार समक्ष सिफारिस गर्ने।

(च) मूल्याङ्कन प्रक्रियाको गोपनियता कायम राख्ने र स्वार्थको द्वन्द्व भएमा सोको पूर्व जानकारी गराई प्रक्रियाबाट अलग रहने।

**३. समितिको अधिकार:**

(क) अपूर्ण कागजात भएका वा मापदण्डको सर्त पूरा नगरेका प्रस्तावहरूलाई प्रारम्भिक चरणमै रद्द गर्ने।

(ख) व्यावसायिक योजनाका सम्बन्धमा स्पष्ट नभएमा आवेदकबाट थप स्पष्टीकरण वा कागजात माग गर्ने।

(ग) मूल्याङ्कन प्रक्रियामा सहयोग पुर्‍याउन आवश्यक परेमा विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्ने ।

**४. बैठक र निर्णय प्रक्रिया:**

(क) समितिको बैठक संयोजकले तोकेको समय र स्थानमा बस्नेछ।

(ख) समितिको निर्णय सर्वसम्मत हुनेछ। सर्वसम्मति हुन नसकेको अवस्थामा बहुमतको आधारमा निर्णय गरिनेछ।

(ग) समितिको कार्य अवधि स्टार्टअप छनौट भई सिफारिस पेश गरेसँगै सो आर्थिक वर्षका लागि समाप्त हुनेछ।



CamScanner

(दफा ७ सँग सम्बन्धित)

## महिला मिडिया स्टार्टअप अनुदान परिचालन सम्बन्धी सम्झौता– पत्र

गण्डकी प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम "महिलाहरूको लागि मिडिया स्टार्टअप" कार्यान्वयनका लागि प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश (यसपछि "प्रथम पक्ष" भनिएको) र ............................ मिडिया/समूह (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका सर्तहरूको अधीनमा रही यो द्विपक्षीय सम्झौता गरिएको छ ।

**१. आयोजनाको विवरण:**

(क) स्टार्टअप/आयोजनाको नाम: ..............................................................

(ख) सञ्चालन हुने स्थान: ..................................................................

(ग) आयोजनाको कुल लागत: रु. ................(अक्षरेपी ..................................)

(घ) कार्यालयबाट प्राप्त हुने ७५% अनुदान: रु. ..............(अक्षरेपी .............................)

(ङ) लागत साझेदारी २५% अनुदान: रु. ..............(अक्षरेपी .............................)

**२. अनुदान रकम भुक्तानी :**

मापदण्ड बमोजिम दोस्रो पक्षलाई अनुदान रकम देहाय अनुसार उपलब्ध गराइनेछः

छनौट भएका मिडिया स्टार्टअपलाई सम्झौता बमोजिम प्रस्तावकको साझेदारी लागत २५ प्रतिशत हुने गरी बाँकी ७५ प्रतिशत रकम कार्यालयबाट स्टार्टअपको सम्पूर्ण कार्य सम्पन्न भईसकेपश्चात (सक्कल बिल भरपाई) र सम्बन्धित वडाको सिफारिस पेश भएपछि रकम भुक्तानी दिइनेछ ।

**३. दोस्रो पक्ष (स्टार्टअप) का दायित्व र जिम्मेवारीहरू:**

(क) स्वीकृत व्यावसायिक प्रस्तावमा उल्लेख भए बमोजिमको कार्य तोकिएको समयभित्र सम्पादन गर्नुपर्नेछ ।

(ख) प्राप्त अनुदान रकम केवल सञ्चार उपकरण खरिद, प्रविधि विस्तार वा सञ्चार गृह स्थापना जस्ता व्यावसायिक कार्यमा मात्र खर्च गर्नुपर्नेछ ।

(ग) खर्च भएको रकमको बिल-भरपाई र प्रतिवेदन मिति .............भित्र पेश गर्नुपर्नेछ ।

(घ) सञ्चार माध्यम सञ्चालन गर्दा गण्डकी प्रदेशको आमसञ्चार सम्बन्धी ऐन, नियमको पूर्ण पालना गर्नुपर्नेछ ।

(ङ) यो स्टार्टअप महिलाको नेतृत्व र स्वामित्वमा अनिवार्य रूपमा रहनुपर्नेछ ।

४. प्रथम पक्ष (कार्यालय) को अधिकारः

(क) आयोजनाको प्रभावकारिता र अनुदानको सही सदुपयोग भए/नभएको सम्बन्धमा कार्यालयले अनुगमन र निरीक्षण गर्न सक्नेछ ।

(ख) दोस्रो पक्षले सम्झौताका सर्तहरू उल्लंघन गरेमा वा अनुदानको दुरुपयोग गरेको पाइएमा कार्यालयले भुक्तानी भइसकेको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५. विविधः

यस सम्झौतामा उल्लेख नभएका विषयहरू "महिला मिडिया स्टार्टअप कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३" र प्रचलित प्रदेश कानुन बमोजिम हुनेछन् ।

माथि उल्लेखित सर्तहरूमा हामी दुवै पक्ष सहमत भई यो सम्झौतामा हस्ताक्षर गरेका छौं ।

प्रथम पक्षको तर्फबाटः
हस्ताक्षरः ............................
नामः
पदः
कार्यालयको छापः
मितिः २०८३/..../....

दोस्रो पक्षको तर्फबाटः
हस्ताक्षरः ............................
नामः ..................................
पद/मिडियाको नामः ...................
छाप :



CamScanner